लुम्बिनी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
**बुटवल, रुपन्देही**

सुचना नं: ४/०८१/०८२ दोस्रो पटक प्रकाशित सुचनाः २०८१/११/१३

**भेटेरिनरी रिफरल अस्पताल संचालनका लागि कार्ययोजना बनाउने सम्बन्धी सुचना**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, लुम्विनी प्रदेशको आ.व. ०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत भेटेरिनरी रिफरल अस्पताल संचालनका लागि कार्ययोजना तयारी (खर्च शीर्षक २२४११) कार्यक्रम सञ्चालन गर्न ईच्छुक परामर्शदाताले मिति २०८१/११/१९ गते कार्यालय समय भित्र यस निर्देशनालयमा खामवन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त भएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

गर्नु पर्ने कार्यहरुः

१) रिफरल अस्पतालको लागि भैरहवामा निर्माण भएको भवन व्यवस्थापन- एक भन्दा वढि कार्यालय राख्न सकिने/नसकिने यकिन गर्ने (भेटेरिनरी रिफरल अस्पताल, पशु रोग अन्वेषण प्रयोगशाला र भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र)
२) रिफरल अस्पताल संचालनका लागि Organization and Management सम्बन्धी कार्य गर्ने
३) रिफरल अस्पताल संचालनका लागि आवश्यक पर्ने शाखाहरु र कोठाहरु (Partition गर्नु पर्ने), विरामी कुरुवा तथा प्रतिक्षालय, पार्किङ्ग व्यवस्थापनका लागि सुझाव दिने
४) रिफरल अस्पताल संचालनका लागि लुम्विनी प्रदेशले गर्नु पर्ने तयारिहरु- समय तालिका अनुसार कार्ययोजना तयार गरी कहिलेबाट संचालन गर्न सकिने सुझाव दिने
५) रिफरल अस्पताल संचालनका लागि आवश्यक पर्ने राजश्वको दररेट सम्बन्धमा सुझाव दिने
६) अत्यावश्यक सेवा अन्तर्गत २४ घण्टा अस्पताल संचालन गर्नका लागि कार्ययोजना बनाउने
७) रिफरल अस्पताल संचालनका लागि लुम्विनी प्रदेशका SWOT (Strength, Weakness, Opportunity and Threat) पहिचान गर्ने
८) अस्पताल संचालनका लागि औजार, उपकरण, फर्निचर तथा फिक्चर्स इलक्ट्रिकल्स तथा इलक्ट्रोनिकहरुको आवश्यक सूची तयार गर्ने
९) जिल्लाबाट पशु रिफर गरी पठाउनका लागि एम्वुलेन्स सेवा, मोबाइल भेटेरिनरी सेवा र पशु भर्ना गरी उपचार गर्नका लागि अन्तरङ्ग सेवाहरुको कार्ययोजना बनाउने
१०) प्रारम्भिक अवस्थामा दिन सकिने सेवाहरुको प्राथमिकीकरण सहितको सेवाहरुको विवरण तयार गर्ने
११) रिफरल अस्पताल संचालनको लागि आवश्यक चालु खर्चको अनुमानित वजेट प्रस्ताव गर्ने
१२) अस्पतालको फोहोर व्यवस्थापनको कार्ययोजना बनाउने
१३) कर्मचारीहरुको लागि आवास व्यवस्थापन सम्बन्धमा सुझाव दिने
१४) माथि उल्लेखित कार्यहरु गर्नका लागि स्थलगत अनुगमन तथा सरोकारवालासँग पृष्ठपोषण लिने

थप जानकारीका लागि: ०७१-५२०४३६, ९८५७०५१९७५, ९८६४४५०८४१

**निर्देशक**

CamScanner